# गभर्नरको समुपस्थितीमा सम्पति शुद्धीकरण निवारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

वित्तीय जानकारी इकाईले मिति २०८१ फागुन २६ गतेका दिन गभर्नर महाप्रसाद अधिकारीज्यूको समुपस्थितिमा सम्पत्ति शुद्धीकरण निवारण, आतङ्ककारी कार्य वा आमविनासका हातहतियार निर्माण/विस्तारमा वित्तीय लगानी निवारण (AML/CFT/CPF), पारस्परिक मूल्याङ्कन तथा अन्तरनिकाय सहकार्य/समन्वय/पृष्ठपोषणका सम्बन्धमा नियमनकारी/सुपरिवेक्षकीय निकाय, कानून कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय तथा अन्य सम्बद्ध निकायहरुको सहभागितामा काठमाडौंमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न गऱ्यो । कार्यक्रमको उद्घाटन सत्रलाई सम्बोधन गर्दै गभर्नर अधिकारीले देश हालै सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी एफएटिएफको 'ग्रे' लिष्टमा परेपनि धेरै कोणबाट सुधारको बाटोमा गएको र 'ग्रे' लिष्टबाट बाहिरिन गर्नैपर्ने थप कार्यहरुको कार्यान्वयनले नेपालको प्रणालीलाई नै बलियो बनाउने भएकाले यस विषयमा सम्पूर्ण नियमनकारी/सुपरिवेक्षकीय निकाय, कानून कार्यान्वयन गर्ने निकाय, अन्य सम्बद्ध निकाय तथा निजी क्षेत्रका सूचक संस्थाहरुले आफ्नो जिम्मेवारी इमानदारिताका साथ सम्पन्न गर्नु अपरिहार्य रहेको बताउनुभयो ।




कार्यक्रमका विशिष्ट अतिथी, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव तथा समन्वय समितिका संयोजक फणिन्द्र गौतमले नेपालले बढीमा दुई वर्षभित्र 'ग्रे' लिष्टबाट बाहिरिने गरी कार्य अघि बढाइरहेको बताउँदै क्षेत्रगत तथा राष्ट्रिय जोखिम मूल्याङ्कनको कार्यलाई अझै द्रुत रुपले अघि बढाउन संलग्न कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्न सबै निकायले प्राथमिकता दिनुपर्ने बताउनुभयो । कार्यक्रमका अर्का विशिष्ट अतिथी, नायव महान्यायाधिवक्ता तथा अनुसन्धान समन्वय संयन्त्रका संयोजक संजीवराज रेग्मीले कानूनहरुको संशोधनपछि सम्पत्ति शुद्धीकरण सम्बन्धी मुद्दाहरुको संख्या तथा अनुसन्धानको गुणस्तरमा वृद्धि भइरहेको जानकारी गराउदै सम्बद्ध निकायहरुबीच थप समन्वय तथा सहकार्यको खाँचो रहेको औंल्याउनु भयो ।

सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका महानिर्देशक तथा सम्पत्ति शुद्धीकरण अनुसन्धान सम्बन्धी प्राविधिक समितिका संयोजक सुमन दाहालले विभागलाई पछिल्लो कानूनी संशोधनले समन्वयात्मक भूमिका समेत दिएकोले सो मार्फत आफ्नो भूमिका बढाइरहेको जानकारी गराउनु भयो । प्रहरी वरिष्ठ उपरीक्षक हबिन्द्र बोगटीले वित्तीय ठगीमा सामान्य नागरिकदेखि ठूला ओहदाका व्यक्तिहरु समेत प्रभावित भइरहेकोले थप जनचेतनाका लागि सम्बद्ध निकायहरु लाग्नुपर्ने खाँचो रहेको बताउनुभयो । नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखा प्रमुख तथा निर्देशक आर्या जोशीले सबै निकायको आ-आफ्नो क्षेत्रगत परिधि रहेतापनि सबै सम्बद्ध निकायको समन्वयले सम्पत्ति शुद्धीकरण सम्बन्धी चुनौतीलाई सामना गर्न सक्ने र देश थप सबल बन्न सक्ने बताउनुभयो । अतिथिगण तथा सहभागीहरुलाई स्वागत गर्दै आयोजक वित्तीय जानकारी इकाईका प्रमुख तथा निर्देशक वासुदेव भट्टराईले कार्यक्रमको रुपरेखा तथा औचित्यता माथि प्रकाश पार्नुभएको थियो । उहाँले इकाईको पछिल्लो गतिविधिहरु सम्बन्धी जानकारी मेत प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमको प्राविधिक सत्रमा वित्तीय जानकारी इकाईका उप-निर्देशक स्वरुप श्रेष्ठले 'पारस्परिक मुल्याङ्कन, अन्तर निकाय समन्वय/सहकार्य र आगामी कार्यदिशा' सम्बन्धी पहिलो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस्तै नेपाल प्रहरीका प्रहरी उपरीक्षक कवित कटवालले 'सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा अनुसन्धानकारी निकायको भूमिका' विषयक दोस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो भने नेपाल राष्ट्र बैंक, सम्पत्ति शुद्धीकरण निवारण सुपरिवेक्षण महाशाखाका उप-निर्देशक रमेश प्रसाद पराजुलीले 'सम्पत्ति शुद्धीकरण निवारण प्रणालीमा नियमनकारी निकायको भूमिका' विषयक तेस्रो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्र प्रस्तुती पश्चात उपस्थित सम्पूर्ण सहभागीहरुको सक्रिय सहभागीतामा विषयसँग सम्बन्धित रहेर अन्तरक्रिया तथा छलफल गरिएको थियो । अन्तरक्रिया तथा छलफलको सहजीकरण नेपाल राष्ट्र बैंकका निर्देशक तथा विषयविज्ञ डा. हरि कुमार नेपालले गर्नुभएको थियो ।



उक्त कार्यक्रममा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, नेपाल बीमा प्राधिकरण, सहकारी विभाग, आन्तरिक राजश्व विभाग, पर्यटन विभाग, भूमि व्यवस्थापन तथा अभिलेख विभाग, नेपाल कानून व्यवसायी परिषद्, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल चार्टर्ड एकाउन्टेन्स संस्था, यातायात व्यवस्था विभाग, कम्पनी रजिष्ट्रारको कार्यालय, समाज कल्याण परिषद्, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरी, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका साथै राष्ट्रिय सहकारी महासंघ, नेपाल बैंकर्स संघ र नेपाल ब्रोकर्स एशोसियसनका कर्मचारी/प्रतिनिधिहरुको सहभागीता रहेको थियो ।



कार्यक्रमको अन्त्यमा इकाई प्रमुख भट्टराईले नियमनकारी/सुपरिवेक्षकीय निकाय, कानून कार्यान्वयन गर्ने/अनुसन्धानकारी निकाय तथा अन्य सम्बद्ध निकायहरुका उपस्थित सम्पूर्ण सहभागीहरुलाई सक्रिय सहभागीताका लागि धन्यवाद ज्ञापन गर्दै समापन मन्तव्य राख्नुभएको थियो । कार्यक्रमको सञ्चालन इकाईका सहायक निर्देशक अमिष शर्माले गर्नुभएको थियो ।